रामगोपालपुर नगरपालिका

# नगर-कार्यपालिकाको कार्यालय

रामगोपालपुर , महोत्तरी

मधेश प्रदेश,नेपाल

प.सं. :०८२/८३

च.नं. :

मिति : २०८२/०६/२२

## सडक मर्मत सम्भार कामदार/समुह आवश्यकता सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशन मितिः २०८२/०६/२२**

पूर्वाधार विकास कार्यालय , महोत्तरीले तपसिलमा उल्लेखित सडकको नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मतसम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मतसम्भार समूह गठन गर्न तपसिलको संख्यामा मर्मतसम्भार कामदारहरू आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| सम्सी | कुर्था | २१.८१ | २ | |

सडक मर्मत समूहका सदस्यहरूले आधारभूत सफाई र सरसफाई कार्यहरू साथै सानातिना मर्मत कार्यहरू गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ। कार्य पूर्णकालीन (Full-time) हुनेछ र एक बर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मतसम्भार समूह (RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरू राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागू गरिनेछ।

पूर्वाधार विकास कार्यालय , महोत्तरी मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस सम्सी सिमा – रामगोपालपुर – लोहारपट्टी – कुर्था सडक , महोत्तरी ( PH-MH-028 ) सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.व. २०८२/०८३ को लागि २ जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) माग भइ छनौटको लागि पूर्वाधार विकास कार्यालय,महोत्तरी को प .सं , ०८२/८३ , च. नं. ६८ मिति २०८२/०४/२३ गतेको पत्र बाट यस रामगोपालपुर न.पा. लाइ लेखि आएको हुनाले तपसिलमा उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस रामगोपालपुर न.पा. को कार्यालयमा नागरिकताको सक्कल प्रति र पासपोर्ट साइजको रंगिन फोटो २ प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ । समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

रामगोपालपुर नगरपालिका
नगर-कार्यापालिकाको कार्यालय
रामगोपालपुर , महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. :०८२/८३
च.नं. :

तपसिल:

दरखास्त दर्ता हुनको लागि आवश्यक योग्यता :

१. प्राविधिक योग्यता

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रूपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ ।

२. सामाजिक योग्यता

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार नगरपालिका/गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरूबाट हुनुपर्नेछ ।
- महिला उम्मेदबारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रवर्धन गरिनेछ। छनौट गरिएका मर्मत सम्भार कामदारहरू कम्तिमा ५०% महिला हुनुपर्नेछ । सम्भव भएसम्म सबै छनोट गरिएका मर्मत सम्भार कामदारहरू महिला हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाति, बिपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ ।

दरखास्त दिने अन्तिम मिति समय र स्थान :

आवेदनको अन्तिम मिति: २०८२/०६/२९ ( अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसको भोलि पल्ट सम्म )

समय: कार्यालय समय भित्र

सम्पर्क स्थान -: रामगोपालपुर न.पा. को कार्यालय

आबेदन फारम पाइने स्थान: रामगोपालपुर न.पा. को कार्यालय

सेवा सुविधा : पूर्वाधार विकास कार्यालय,महोत्तरी बाट तोकिए वमोजिम

प्रमुख प्रशासकीय अधिकृत